# सैनिक प्राविधिक सेवा नियमहरु, २०१९

(मिति २०७४ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# सैनिक प्राविधिक सेवा नियमहरु, २०१९

| | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| संशोधन | २०१९।३।३१ |
| १. शाही सैनिक प्राविधिक सेवा (संशोधन) नियमहरु, २०२० | २०२०।९।२२ |
| २. शाही सैनिक प्राविधिक सेवा (दोस्रो संशोधन) नियमहरु, २०२६ | २०२६।४।२० |
| ३. शाही सैनिक प्राविधिक सेवा (तेस्रो संशोधन) नियमहरु, २०३१ | २०३२।२।५ |
| ४. शाही सैनिक प्राविधिक सेवा (चौथो संशोधन) नियमहरु, २०४४ | २०४४।९।२७ |
| ५. शाही सैनिक प्राविधिक सेवा (पाँचौं संशोधन) नियमहरु, २०४५ | २०४५।९।५ |
| ६. शाही सैनिक प्राविधिक सेवा (छैठौं संशोधन) नियमहरु, २०४६ | २०४७।१।१० |
| ७. शाही सैनिक प्राविधिक सेवा (सातौं संशोधन) नियमहरु, २०६२ | २०६२।१२।१५ |
| ८. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक प्राविधिक सेवा नियमहरु, २०१९" रहेको छ ।

(२) यी नियमहरु २०१९।४।१।२ देखि प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "प्राविधिक पद" भन्नाले नेपाल सरकारले तोकिदिएको नेपाली सेनाको पद सम्झनु पर्छ ।

(ख) "प्रवर समिति" भन्नाले नियम ४ अन्तर्गत गठन गरिने समिति सम्झनु पर्छ ।

(ग) "प्रिन्सिपल स्टाफ अधिकृत" भन्नाले व्यवसाय सम्बन्धित र आ. हे. क्वा. को मुख्य सिनियर अधिकृत सम्झनु पर्छ ।

३. श्रेणी विभाजन : सेवामा शैक्षिक योग्यता, कामको किसिम, र अनुभवको आधारमा देहाय बमोजिमको श्रेणीहरु रहने छन् । आवश्यकतानुसार उक्त श्रेणीलाई नेपाल सरकारबाट विस्तृत गर्न सकिने छ ।

(१) "क" श्रेणी- (क) विज्ञानमा डिग्री प्राप्त, वा

(ख) यो नियम लागू हुनु अघि नेपाली सेनामा कमिशन पाई १० वर्षदेखि अविच्छिन्न नेपाल सरकारको सेवा गरिरहेको डिप्लोमा प्राप्त अधिकृत ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) “ख” श्रेणी- (क) डिप्लोमा प्राप्त, वा

(ख) खास सैनिक व्यवसायमा डिप्लोमा वा व्यवसायी तालिम प्राप्त अधिकृत ।

टिप्पणी :- (क) ⁂“ख” श्रेणीका प्राविधिक अधिकृतको उच्चतम दर्जा प्रमुख सेनानी हुनेछ ।

(ख) सबै “क” प्राविधिकहरुले आफ्नो स्टाव्लीसमेण्टको उच्चतम दर्जामा नियम अनुसार, उमेरको हदभित्र प्रमोशन पाउन सक्नेछन् ।

(ग) श्रेणी विभाजन विस्तार :-

| <u>“क” श्रेणी</u> | <u>“ख” श्रेणी</u> |
| --- | --- |
| (१) विज्ञानमा डिग्री प्राप्त | (१) डिप्लोमा होल्डर |
| (२) यो नियम लागू हुनु अघि नेपाली सेनामा कमिशन पाई दशवर्षदेखि अविच्छिन्न नेपाल सरकारको सेवा गरिरहेका डिप्लोमा होल्डर अधिकृतहरु । | |
| (३) खास व्यवसायी कामको निमित्त प्राविधिक तलब स्केल निजामती तर्फ पाइरहे बमोजिमको नेपाली सेनाको उही वा समान व्यवसायी उम्मेदवार । | |
| (४) लङ टेलिकम अधिकृत, टेलिकम सर्टटेलिकम कोर्ष पास गरेका पार्ट “ए” र “बी” जाँच दिनु नपर्ने सिमुनल अधिकृत । | (२) (क) सो कोर्ष पास गरी पार्ट “ए” र “बी” जाँच दिनु नपरे पनि प्राविधिक “क” मा आउन मन्जूर नगर्ने सिग्नल अधिकृत । |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⁂ पाँचौं संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| (५) डिग्री इन्जिनियरिङ्ग कोर्ष पास गरी एसोसियट मेम्बरसिप एक्जामिनेशन अफ इन्ष्टिच्यूशन अफ इन्जिनियर्स (इण्डिया) को सेक्शन "ए" र "बी" को जाँच दिनु पर्ने । | (ख) सो पार्ट "ए" र "बी" जाँच दिनु पर्ने सि.अ. । |
| | (३) (क) सो सेक्सन "ए" र "बी" जाँच दिनु नपर्ने भए पनि प्राविधिक "क" मा जान मन्जुर नगर्ने । |
| | (ख) सो सेक्सन "ए" र "बी" जाँच दिनु नपर्ने । |
| (६) डिग्री प्राप्त सर्भेयर । | (४) व्याण्ड माष्टर । |

❁४. <u>प्रवर समिति</u> : देहायमा लेखिएका व्यक्तिहरुको एक प्रवर समिति रहनेछ :-

(क) प्रतिनिधि, लोक सेवा आयोग - अध्यक्ष

(ख) मुख्य अधिकृत, सम्बन्धित सेवा - सदस्य

(ग) सैनिक सचिव वा निजको अनुपस्थितिमा उप-सैनिक सचिव - सदस्य

(घ) मुख्य अधिकृत (भर्ना छनौट, कार्यरथी विभाग) - सदस्य-सचिव

५. <u>प्रवर समितिको कर्तव्य</u> : नेपाली सेनामा सेवा गर्न चाहने, प्रतियोगी प्राविधिक उम्मेदवारलाई जाँचबुझ गरी कमिशन दिनालाई लायक ठहरिएकाको नाम ✂......... स्वीकृतिको निमित्त नेपाल सरकारको रक्षा मन्त्रालयमा प्रधान सेनापतिले पेश गर्ने छन् र स्वीकृति प्राप्त मितिदेखि उक्त उम्मेदवारले उप-सेनानीको दर्जामा कमिशन प्राप्त गरी तलब खान पाउनेछ ।

६. <u>न्यूनतम योग्यता</u> : देहायको योग्यता नभै कुनै पनि उम्मेदवार प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउने छैन :-

(क) छानिने वर्षको वैशाख १ गते २९ वर्ष ननाघेको (२०२७ साल सम्म ३५ वर्ष ननाघेकोलाई पनि भर्ना गर्न सकिनेछ) ।

---

❁ पाँचौं संशोधनद्वारा संशोधित ।

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

❋(ख) सम्बन्धित विषयमा स्नातक वा सम्बन्धित विषयमा प्रमाणपत्र तह उतीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष सेवा गरी कार्यदक्ष भएको ।

(ग) नेपाली नागरिक ।

(घ) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट✄ कुनै राजनीतिक दलमा सदस्य नभएको भन्ने प्रमाणित पत्र प्राप्त भएको, र

(ङ) सैनिक मेडिकल बोर्डमा उत्तीर्ण भएको ।

७. शपथ ग्रहण : नियम ६ मा उल्लिखित योग्यता भै प्रवर समितिबाट लिइने परीक्षामा उत्तीर्ण भई नेपाली सेनामा कमिशन दर्जा पाएपछि उम्मेदवारले तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

✦८. प्रमोशन : समयको अवधिबाट सव्सटऱ्याण्टीभ प्रमोशन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| उप-सेनानीबाट सह-सेनानीमा - | २ वर्षको सन्तोषजनक सेवा पुगेपछि र टेक्निकल वेसिक ट्रेनिङ्गमा उत्तीर्ण भएपछि । |
| सह-सेनानीबाट सेनानीमा - | ९ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँ छ भने । |
| सेनानीबाट प्रमुख सेनानीमा - | १३ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँ छ भने । |
| प्रमुख सेनानीबाट महा-सेनानीमा - | १७ वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँ छ भने । |
| महा-सेनानीबाट सहायक रथीमा - | २० वर्षको सन्तोषजनक सेवा पुगेपछि खाली ठाउँमा र प्रमोशन बोर्डले सिफारिस गरेमा । |
| ⊡सहायक रथीबाट उपरथीमा- | २१ वर्षको सन्तोषजनक सेवा पुगे पछि खाली ठाउँमा र प्रमोशन वोर्डले सिफारिस गरेमा । |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

❋ पाँचौं संशोधनद्वारा संशोधित ।
✄ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।
✦ दोस्रो संशोधनद्वारा संशोधित ।
⊡ सातौं संशोधनद्वारा थप ।

द्रष्टव्य :-

(क) एम.डी. र सो सरह वा सोभन्दा माथिको विशेष शैक्षिक योग्यता हासिल गरेको वा पोष्ट ग्राजुएट ट्रेनिङ्ग पाएका प्राविधिक उम्मेदवारलाई नियम ४ मा उल्लिखित समितिले सिफारिस गरेमा आक्टिङ्ग सह-सेनानी दर्जामा कमिशन दिनाको लागि ✂नेपाल सरकार, रक्षा मन्त्रालयको स्वीकृतिको निमित्त प्रधान सेनापतिले यस्तो व्यक्तिको नाम पेश गर्नेछन् । तर उक्त दर्जामा कमिशन पाउने प्राविधिक ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) विशेष योग्यताको निरुपण लोक सेवा आयोगबाट हुनेछ ।

(ग) अधिकृतले कमिशन, प्रमोशन पाएको राजपत्रमा प्रकाश गर्न जङ्गी अड्डा, सैनिक सचिव विभागबाट नेपाल सरकार, रक्षा मन्त्रालयमा सूचना पठाउनेछ ।

※८क. बढुवाको लागि ज्येष्ठताको गणना : नियम ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली सेनाको प्राविधिक वा अप्राविधिक सेवामा प्रवेश गरेपछि प्राविधिक विषयमा स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बढुवा हुने अधिकृतहरुको बढुवाको लागि ज्येष्ठताको गणना गर्दा निजहरुको त्यस्तो स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बहाल गरेको मितिदेखि गणना गरिनेछ ।

तर निवृत्तभरण, उपदान, विभूषण आदिको प्रयोजनको लागि प्राविधिक स्नातकोपाधि प्राप्त गर्नु भन्दा अगावैको सेवाको अवधि गणना गरिनेछ ।

९. प्रमोशन दिने अख्तियार :- सेनानी दर्जासम्मको पोष्ट खाली भए सम्बन्धित प्रिन्सिपल स्टाफ अधिकृतका सिफारिसमा प्रधान सेनापतिले प्रमोशन दिन सक्नेछ । सेनानी भन्दा माथिकोमा प्रमोशन दिने कुराको हकमा नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

■१०. आक्टीङ्ग प्रमोशन हुन पूरा गर्नुपर्ने कमिशन सेवा :- देहायका दर्जामा आक्टीङ्ग प्रमोशन हुन देहायको सेवा अवधि पूरा गर्नु पर्नेछ :-

| | |
|---|---|
| आक्टीङ्ग उप रथीमा प्रमोशन हुन - | २० वर्षको सेवा । |
| आक्टीङ्ग सहायक रथीमा प्रमोशन हुन - | १८ वर्षको सेवा । |
| आक्टीङ्ग महासेनानीमा प्रमोशन हुन - | १५ वर्षको सेवा । |

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।
※ तेस्रो संशोधनद्वारा थप ।
■ सातौं संशोधनद्वारा संशोधित ।

आक्टीङ्ग प्रमुख सेनानीमा प्रमोशन हुन - ११ वर्षको सेवा ।

आक्टीङ्ग सेनानीमा प्रमोशन हुन - ७ वर्षको सेवा ।

११. ट्रान्सफर पोष्टिङ्ग :- सेनानी दर्जासम्मको ट्रान्सफर र पोष्टिङ्ग प्रधान सेनापतिबाट हुनेछ । सो भन्दामाथि ■उप रथी सम्मले गर्ने कामको ६ महिनासम्मको अस्थायी ट्रान्सफर र पोष्टीङ्ग प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकार, रक्षा मन्त्रालयबाट र सो बाहेक अन्य सबैमा नेपाल सरकारबाट हुनेछ ।

१२. प्रमोशन नसुनाउने अवस्था :- देहायका अवस्थामा प्रमोशन सुनाइने छैन :-

(क) जुनसुकै बिदा बसेका बखतमा, वा

⌘(ख) मेडिकल क्याटेगोरी "ए" भन्दा कम भएको बेलामा, वा

(ग) कुनै अभियोगमा सैनिक अदालत वा अदालतमा सरिक भैरहेको र त्यसबाट सफाई नपाएसम्म ।

■१३. अवधि : (१) नियम १४ बमोजिमको उमेरको हद ननाघ्ने गरी देहायका पदहरुमा देहाय बमोजिमको पदावधि हुनेछ :-

(क) उपरथी - तीन वर्ष

(ख) सहायक रथी - चार वर्ष

(ग) महासेनानी र प्रमुख सेननानी - पाँच वर्ष ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो अवधिसम्म सेवा गरी शारीरिक रुपमा सक्षम रहेका देहायका अधिकृतहरुको सेवा नेपाली सेनाको लागि आवश्यक छ भनी प्रधान सेनापतिबाट विशेष सिफारिस भएमा नेपाल सरकारले देहाय बमोजिम पदावधि थप गर्न सक्नेछ :-

(क) उपरथी - दुई वर्षको एक अवधि,

(ख) सहायक रथी - एक पटकमा दुई वर्षका दरले बढीमा छ वर्ष,

(ग) महासेनानी र प्रमुख सेनानी - पहिलो पटकमा तीन वर्ष र दोस्रो पटक दुई वर्ष गरी बढीमा पाँच वर्ष ।

१४. उमेरको हद :- उमेरको हद देहाय बमोजिमको हुनेछ :-

---

■ सातौं संशोधनद्वारा संशोधित ।

⌘ चौथो संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| ■ <u>उपरथी र सहायक रथी</u> | - ५८ वर्ष |
| महा-सेनानी | - ५६ वर्ष |
| प्रमुख सेनानी | - ५५ वर्ष |
| सोभन्दा मुनि सहायक सेनानीसम्म | - ५३ वर्ष |

१५. <u>निजामती तर्फबाट नेपाली सेनामा कमिशन हुने</u> :- निजामती तर्फ काम गरिरहेको प्राविधिक उम्मेदवारहरुले आर्मी प्राविधिक सेवामा कमिशन लिन इच्छा गरी प्रवर समितिले छानी निजामती तर्फको नोकरी जोडी रूल नियम बमोजिम पाउने दर्जा र तलब स्केलमा रेगुलर कमिशन पाउन सक्नेछन् । यसरी निजामती तर्फबाट नेपाली सेनामा लिइनेमा कम्तीमा १० वर्ष उमेरका हदभित्र नोकरी गर्न पाउने हुनु पर्छ । उमेरको हद लागि दश वर्ष नपुग्दै रिटायर हुनेलाई कुनै हालतमा पनि लिइने छैन ।

१६. <u>नर्सिङ्ग सर्भिसमा पनि लागू हुने</u> :- यी नियमहरु मेट्रन सिष्टर (सैनिक उपचारिका) हरुलाई पनि लागू हुनेछ ।

कानून तथा संसदीय मामिला म

---

■ सातौं संशोधनद्वारा संशोधित ।

<u>टिप्पणी</u>:- १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा “मेजिष्ट्रेट वा बडाहाकिम” को सट्टा “अञ्चलाधीश” राखी रुपान्तरण गरिएको ।

२. सैनिक (दोस्रो संशोधन) ऐन, २०२३ द्वारा “बृगेडियर जनरल” को सट्टा “सहायक रथी”, “कर्णेल” को सट्टा “महासेनानी” “लेफ्टेनेन्स कर्णेल” को सट्टा “प्रमुख सेनानी”, “लेफ्टेनेण्ट” को सट्टा “उप-सेनानी”, “मेजर” को सट्टा “सेनानी” र “सेकेण्ड लेफ्टेनेन्ट” को सट्टा “सहायक सेनानी” राखी रुपान्तरण गरिएको ।

३. नेपालको संविधान (पहिलो संशोधन) द्वारा “कोर्ट मार्शल” को सट्टा “सैनिक अदालत” राखी रुपान्तरण गरिएको ।

४. केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा “अफिसर” को सट्टा “अधिकृत” राखी रुपान्तरण गरिएको ।

५. सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा “शाही सेना” को सट्टा “शाही नेपाली सेना” राखी रुपान्तर गरिएको ।

६. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” राखी रुपान्तर गरिएको ।

७. सैनिक ऐन, २०६३ द्वारा “शाही नेपाली सेना” को सट्टा “नेपाली सेना” राखी रुपान्तर गरिएको ।

८. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमहरुको ठाउँ ठाउँमा रहेको “शाही” भन्ने शब्द झिकिएको ।